# मर्स्याङ्दी करिडोर २२० के भी बारे समुदायको धारणाहरु

**मर्स्याङ्दी करिडोर २२० के भी उच्च भोल्टेज प्रसारण लाईन (११० किमि)**
यो प्रसारण लाईन नेपालको ५ जिल्ला भएर जान्छ, जुन प्रसारण लाईन अन्नपूर्ण संरक्षण क्षेत्र वरपर उत्पादित जलविद्युत भारत र काठमाडौंको उपभोक्ताको लागि लैजाने गरी निर्माण गरिदैछ ।

**प्रमुखदाता:** यूरोपेली लगानी बैंक | **ऋण:** ९ करोड ५० लाख यूरो

**परियोजनाको नाम:** नेपाल विद्युत व्यवस्था विस्तार परियोजना

**परियोजना सञ्चालक:** नेपाल विद्युत प्राधिकरण


मर्स्याङ्दी करिडोर २२० के भी प्रसारण लाईन परियोजनाबाट को कति प्रभावित छन् ?, कसरी प्रभावित भए ? र प्रभावितहरुका प्रमुख सरोकार र चासोका विषयहरु के के हुन् ? भन्ने थाहा पाउन एउटा सर्वेक्षण गरिएको थियो । उक्त समुदायबाटै गरिएको सर्वेक्षणको नतिजा तल प्रस्तुत गरिएको छ ।

**प्रभावित जिल्लाहरू:**

- मनाङ
- लमजुङ
- गोर्खा
- तनहुँ
- चितवन

**सर्वेक्षणमा कूल संख्या: १२३**

सर्वेक्षणमा भाग लिएका सम्बन्धित गाउँपालिका र नगरपालिकाको सहभागी प्रतिशत




**सर्वेक्षणमा भाग लिएका सहभागीको जातजाति प्रतिशत**

| | |
|---|---|
| आदिवासी | ५६% |
| ब्राम्हण/क्षेत्री | ४२% |
| दलित | १% |

**८९%** उक्त क्षेत्रमा १०० वर्ष भन्दा अगाडी देखी बसोवास गर्दै आएका हुन्।

**सर्वेक्षणमा भाग लिएका सहभागीको उमेरगत र लैंगिक प्रतिशत**

| उमेर | पुरुष | महिला |
|---|---|---|
| २०-२९ वर्ष | ३% | १% |
| ३०-३९ वर्ष | ८% | ७% |
| ४०-४९ वर्ष | १७% | ४% |
| ५०-५९ वर्ष | १५% | २% |
| ६०-६९वर्ष | १९% | ४% |
| ७०+ वर्ष | १४% | २% |

## घरजग्गामा परेका प्रभाव




## परियोजना सम्बन्धी लैंगिक दृष्टिकोणमा आधारित प्रमुख सरोकार

सर्वेक्षणमा समुदायलाई आफ्ना पाँच प्रमुख सरोकारहरु पहिचान गर्न लगाइएको थियो । धेरै जसो सम्पत्ति पुरुषको नाममा रहेको र मुआब्जा तथा क्षतिपूर्ति पाइने भएकोले, प्रायः पुरुष उत्तरदाताले आर्थिक प्रभावसंग सम्बन्धित सरोकार पहिचान गरेका देखिन्छ । अर्कोतिर, महिलाले प्रायःजसो जग्गा जमिनमा शारीरिक श्रम गर्ने हुँदा, प्रायःजसो महिला उत्तरदाताले जग्गा जमिनमा हुने वातावरणीय प्रभावसंग सम्बन्धित सरोकार पहिचान गरेका देखिन्छ ।

### आर्थिक असर

| सरोकार | पुरुषले छनौट गरेको सरोकार % | महिलाले छनौट गरेको सरोकार % |
|---|---|---|
| जग्गाको मूल्य घट्नु (अवमूल्यन हुनु) | ७९% | ६३% |
| जग्गाधितो राख्न गाह्रो हुनु | ७४% | ६७% |
| अपर्याप्त क्षतिपूर्ति | ४७% | २५% |

### वातावरणीय असर

| सरोकार | पुरुषले छनौट गरेको सरोकार % | महिलाले छनौट गरेको सरोकार % |
|---|---|---|
| चराचुरूङगी र जनावरमा परेका असर | ४६% | ५४% |
| उब्जनी घट्ने | ४३% | ५०% |
| रूख र जङ्गल नाश हुने | २१% | ३८% |
| ध्वनीप्रदुषण | ७% | २१% |
| क्षेत्र वरपरका अन्य परियोजनाका असर | ११% | ८% |
| दृश्यप्रदुषण | ३% | ४% |

### सामाजिक असर

| सरोकार | पुरुषले छनौट गरेको सरोकार % | महिलाले छनौट गरेको सरोकार % |
|---|---|---|
| स्वतन्त्र, पूर्व सुसूचित सहमती नभएको | ४४% | २९% |
| सुरक्षा सम्बन्धी असर | ३९% | ३८% |
| मानिस स्वास्थ्यमा पर्ने असर | २८% | १७% |
| बाहिरबाट ल्याइएको श्रमिकबाट परेका असर | ८% | ८% |
| स्थानीय तहमा अपर्याप्त विद्युत आपूर्ती | ३% | ४% |

**पुरुषले** छनौट गरेको सरोकार %

**महिलाले** छनौट गरेको सरोकार %

## समुदायहरुले परियोजनाको बारेमा कसरी थाहा पाए ?

| | |
|---|---|
| प्रभावित समुदायका अगुवाहरू | ८०% |
| घर आएका सर्वेक्षकहरू | १५% |
| परियोजनाद्वारा सञ्चालित सामूहिक छलफल | ११% |
| स्थानीय सरकार | २% |
| प्रमुख जिल्ला अधिकारी | २% |
| गाउँमा हल्ला फैलिएको | २% |

## बहुसंख्यक परियोजनाहरूले समुदायहरूलाई प्रभावित पारेका छन्।

**७६%** ले आफूहरू २२० केभी मर्स्याङ्दीका साथसाथै जलविद्युत उत्पादन परियोजना वा अन्य विद्युतीय लाईनबाट पनि प्रभावित भएको जानकारी दिए।

**५१%** ले आफुहरू २२० केभी मर्स्याङ्दीका साथसाथै अरू उच्चभोल्टेज प्रसराण लाईनबाट पनि प्रभावित भएको जानकारी दिए।

FPIC तथा अधिकार मञ्चको रूपमा संगठित लमजुङका समुदायहरूले यूरोपेली लगानी बैंकको उजुरी संयन्त्र समक्ष अक्टोबर २०१८ मा आफ्नो उजुरी दर्ता गराए । उनीहरूले आयोजनाका दातृ संस्था,सञ्चालक र सरकारी निकायहरूसंग आफ्नो सरोकारको निराकारण गर्नको लागि मध्यस्थता गरिदिन अनुरोध गरेका थिए । FPIC तथा अधिकारमञ्च, नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) र एकाउन्टिबिलिटी काउन्सेलले यस जानकारी पत्रलाई तयार गरेका हुन्। (वैशाख २०७६ मा सार्वजनिक गरिएको)